# आर्थिक वर्ष २०८२/८३ को

# बार्षिक बजेट तथा कार्यक्रम

**विहादी गाउँपालिका**

**पर्वत जिल्ला**

**गण्डकी प्रदेश**

२०८२/०३/२६

**बजेट वक्तव्य**

विहादी गाँउपालिका

नमस्कार !

विहादी गाउँपालिकाको १७औँ गाउँसभाका सभाध्यक्ष महोदय,

सभा सचिवज्यू,

गाउँसभाका सभा सदस्यज्यूहरु,

उपस्थित कर्मचारीहरु,

पत्रकार ज्यूहरु,

सुरक्षाकर्मी तथा देश विदेशबाट मिडियामर्फत हेर्नुभएका विहादी वासी तथा विहादी गाउँपालिकाको शुभचिन्तक महानुभावहरु,

विहादी गाउँपालिकाको १७ औँ गाउँसभामा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु ।

विद्युतीय घटनामा परी ज्यान गुमाउनु भएका यस सभाका सदस्य दिपक गुरुङलाई सम्झन चाहन्छु ।

उहाँको चिर शान्तीको कामना गर्दछु ।

नेपालको संविधान, २०७२ को कार्यान्वयन पश्चात नेपाल एकात्मक राज्य प्रणालीको पराम्परागत स्वरुपबाट परिमार्जित हुँदै लोकतान्त्रिक राज्यमा रुपान्तरण भएको छ । मुल संरचना (संघ, प्रदेश र स्थानीय तह) तीन तहको व्यवस्था अनुसार वित्तीय अन्तर सम्बन्ध, योजना र बजेट अन्तरसम्बन्धले सुशासन विकास र समृद्धि प्राप्तीमा स्थानीय तहलाई आर्थिक सामाजिक पर्यावरणीय विकास तथा सेवा प्रवाहमा थप जिम्मेवारी बनाएको छ ।

विहादी गाउँपालिकाको सामाजिक विकास, आर्थिक विकास तथा मानवीय संसाधन विकास लगायतका विकास निर्माणको कार्यहरुलाई अगाडी बढाउने तथा गाउँपालिकाको अर्थतन्त्रलाई गतिशील र चलाएमान बनाउने विश्वासका साथ विहादी गाउँ कार्यपालिकाको तर्फबाट म यस गरीमामय गाउँसभा समक्ष आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएकी छु ।

बजेट तथा कार्यक्रम प्रश्तुत गर्नुभन्दा अगाडी देशको रक्षार्थ विभिन्न कालखण्डमा आफ्नो प्राणको उत्सर्ग गर्ने ज्ञात अज्ञात अमर शहीदहरुलाई स्मरण गर्दै भावपूर्ण श्रद्धानजली व्यक्त गर्दछु । तथा सोही कालखण्डमा यो व्यवस्था ल्याउनको लागी विभिन्न आन्दोलनमा परी घाईते हुनुभएका वेपत्ता हुनुभएका सवैलाई सम्झन चाहन्छु ।

नेपालको संविधानले परिकल्पना गरे अनुसार गणतन्त्रात्मक संघीय शासन प्रणाली द्वारा लोकतान्त्रीक समाजवाद स्थापनार्थ नेपाल सरकार द्वारा लिएको समृद्ध नेपाल सुखी नेपाली बनाउने परिकल्पनालाई साकार पार्न यस गाउँपालिका प्रतिबद्ध रहँदै गाउँपालिकाको समग्र विकास र आम गाउँपालिका बासीको हक हित र अधिकार सुनिश्चित गर्दै गाउँपालिकाको सरकारी स्वामित्व रक्षा गर्न प्रतिबद्ध छ ।

गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही मौलिक हक र कर्तव्य सम्बन्धि संबैधानीक व्यवस्थाको कार्यान्वयन गर्न विहादी गाउँपालिका सदा प्रतिबद्ध रहि आएको छ ।

विहादी गाउँबासीको जनभावना बुझी जनआकाङ्क्षा र आवश्यकतालाई प्राथमिकतामा राख्दै नागरिकको जीनस्तरमा सुधार ल्याउने अपेक्षा गरेकी छु ।

भौगोलिक विविधता, प्राकृतिक सुन्दरता वहु जातीय, वहुधार्मीक, वहुसास्कृतिक विशेषता युक्त यस विहादी गाउँपालिकालाई सद्भाव र सहअस्तित्व स्वीकार गर्दै विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गरि आउनुभएका राजनितिक दल, बुद्धिजीवि, शिक्षा प्रेमी, स्वास्थ्यकर्मी, अगुवा कृषक, उद्यमी, महिला, बालबालिका, लक्षित बर्ग, अपाङ्गता भएका व्यक्तित्व, जेष्ठ नागरिक सबैको सुझाव र आवश्यकतालाई मध्यनजर राख्दै विकास कार्यलाई प्राथमिकरण गर्दै नीति तथा कार्यक्रममा समावेश बजेट विनियोजन गरेकी छु ।

गाउँपालिकाको अर्थतन्त्रलाई टेवा पुर्याउने उद्देश्यले राजश्व संकलन र विभिन्न क्षेत्रबाट संकलन हुने राजश्वको दर भन्दापनी दायरा बढाईएको छ ।

विहादीबासी जनताको चाहना, विकास प्रतिको मोह, परिवर्तन प्रतिको आकाङ्क्षालाई पुरा गर्न सेवा प्रभाहमा सहजता प्रदान गर्न सिंगो विहादी गउँपालिका निरन्तर अगाडी बढीरहेको छ ।

लोकतान्त्रीक अभ्यास, सामाजिक मुल्य मान्यता, न्यायमा आधारित समाज, समृद्ध गाउँपालिका निर्माण गर्नको लागि नेपालको नियम कानून र गाउँपालिकाको ऐन, कानून बमोजिम अगाडी बढेको छ । जनप्रतिनिधिज्यूहरु, कर्मचरी, विज्ञ, निजी क्षेत्र र नागरिकका अपेक्षा र सुझावलाई ध्यान दिँदै विभिन्न कारण संकट ग्रस्त अर्थतन्त्रलाई गतिशिल र चलाएमान बनाउन अनावश्यक खर्चलाई कटौती गर्दै स्थानीय स्रोत" र साधनको परिचालन गरि उत्पादन र रोजगारी, अर्थतन्त्रको चीनारीभन्ने नारासँगै सिपलाई उत्पादन ", उत्पादनलाई वजार सम्म जोड्दै अर्थतन्त्रको सुधार सँगै दीगो विकासलाई अगाडी बढाउने लक्ष लिएकी छु ।

**सभाध्यक्ष महोदय,**

चालु आ.व. को ११ महिनाको पालिकागत प्रगतिको विवरण तयार गरि पेश गरेकी छु। चालु आ.व.को हालसम्म कुल विनियोजनको ७६.५५ प्रतिशत बजेट खर्च भएको छ। कुल खर्च मध्ये चालु तर्फ ८०.२८ प्रतिशत र पुँजिगत तर्फ ६७.०१ प्रतिशत रहेको छ। श्रोत व्यवस्थापन तर्फ चालु आ.व.को हालसम्मको अवधिमा ९०.६० प्रतिशत प्राप्त हुन आएको छ। यो विवरण वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक श्रोत समेतलाई समेटेर बनाइएको हो ।

## आ.व. २०८१/८२ मा सम्पन्न कार्यक्रम

मिति २०८२ असार २५ सम्मको खर्च को अवस्था

| | **बजेट** | **खर्च** | **बाँकी मौज्दात** | **कैफियत** |
|---|---|---|---|---|
| चालु तर्फ | ३३ करोड ४० लाख ८२ हजार ६ सय ६६ | २६ करोड ८२ लाख ७ हजार ५ सय ३५ रुपैयाँ ७२ पैसा | ६ करोड ५८ लाख ७५ हजार १ सय ३० रुपैयाँ २८ पैसा | |
| पूँजिगत तर्फ | १३ करोड ७ लाख ११ हजार ३ सय ३४ | ८ करोड ७५ लाख ९३ हजार ९ सय ५७ | ४ करोड ३१ लाख १७ हजार ३ सय ३७ | |
| कुल जम्मा | ४६ करोड ४७ लाख ९४ हजार | ३५ करोड ५८ लाख १ हजार ४ सय ९२ रुपैयाँ ९२ पैसा | १० करोड ८९ लाख ९२ हजार ५ सय ७ रुपैयाँ २८ पैसा | |

यसरी बाँकी बजेट मध्ये गाउँ कार्यपालिका र गाँउसभाको निर्णय बमोजिम स्विकृत कार्यक्रम अनुसारका बाँकि खर्च शिर्षकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, वित्तीय उत्तरदायित्व तथा आर्थिक कार्यविधि ऐन २०७६, वित्तीय उत्तरदायित्व तथा आर्थिक कार्यविधि नियमावली २०७७, लगायत प्रचलित कानुन बमोजिम खर्च गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८२/८३ को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहान्छु।

**<u>बजेटका उदेश्यहरु निम्न अनुसार रहेका छन।</u>**

- गुणस्तरिय पूर्वाधार विकास गरि उत्पादन वृद्धि गर्नु ।
- विकासलाई समानुपातिक वितरण गरि सवैको अपनत्व कायम गर्नु ।
- सार्वजनिक सेवा प्रवाहलाइ गुणस्तरीय बनाउदै शुसासन प्रवर्द्धन कायम गराउनु ।
- रोजगारीका अवसरहरुको खोजी गरि आयमा वृद्धि गर्नु ।
- युवाहरुलाई स्वरोजगारका अवसरहरु प्रदान गर्नु ।
- सामाजिक न्याय मार्फत समुन्नती हाँसिल गराउनु ।
- मानव पूँजि निर्माण विकासका लाभको समन्यायिक वितरण गर्नु ।

**माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय अनुसारका प्राथमिकता निर्धारण गरेको छु।**

- दिगो र उत्पादनसिल पूर्वाधार निर्माण गर्नु ।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय ,पारदर्शी ,सर्वसुलभ र प्रविधिमैत्री बनाई सुशासन कायम गरि नागरिकको पहुँचलाई अभिवृद्धि गर्नु ।
- आयमा उत्पादन र रोजगारीमा वृद्धि गर्नु ।
- विहादी गाउँपालिकाको समग्र सन्तुलित क्षेत्रगत विकासमा जोड दिनु ।
- सामाजिक विकासमा जोड दिदै समतामुलक समाज निर्माणमा जोड दिनु ।
- सहकार्य, समन्वय र एकताको भावना अनुसार गाँउपालिकाका काम कारबाही अगाडि बढाइनेछ ।
- स्वास्थ्य पुर्वाधारहरुको विकास तथा विस्तार र दक्ष जनशक्तिहरुको व्यवस्थापन मार्फत सर्वसुलव स्वास्थ्य सेवा उपलब्ध गराउनु ।
- कृषि तथा पशुपालक किसानलाइ प्रोत्साहन स्वरुप विभिन्न अनुदान उपलब्ध गराउनु ।
- कृषि तथा पशु क्षेत्रको आधुनिकरण मार्फत उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभुति गरि कृषि क्षेत्रमा रोजगारि सृजना गर्नु ।
- कृषि एम्बुलेन्सको समुचित प्रयोग गर्नु ।
- शिक्षा क्षेत्रलाई प्रविधिमैत्री बनाई शैक्षिक क्षेत्र सुधारमा विशेष जोड दिदै बजेट विनियोजन गरिएको छ ।
- सामाजिक सद्भाव, समुचित न्यायको लागि महिलालाई उद्यमशिलतामा जोड्नु ।
- नागरिकलाई कानुन र न्यायको प्रत्याभूति दिलाउनु ।
- महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता सबैलाई समुचित सेवा र न्यायमा समावेश गराउनु ।
- प्राकृतिक सम्पदाको संरक्षण गर्दै स्थानीय श्रोत र साधनको अधिकतम उपयोग गरि विकास निर्माणका कार्यहरु सञ्चालन गरिने छ ।

**श्रद्धेय अध्यक्षज्यू एवं सदस्यज्यूहरु,**

अब म विहादी गाउँपालिकाको आ.व. ०८२/८३ मा समावेश गरेका विशेष कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- ✓ विहादी गाउपालिकाका अधिकांश जनता कृषि पेशामा संलग्न भएको र कृषि तथा पशुविकास क्षेत्र नै आम नागरिकको घरमा सरकार पुग्ने माध्यम भएकाले यस वर्ष पनि कृषि र पशुविकासलाई उच्च प्राथमिकतामा राखि कृषि तथा पशु क्षेत्रका कृषकहरुलाई प्रोत्साहन गर्न विभिन्न अनुदानका कार्यक्रमहरु पेश गरेकी छु ।
- ✓ विहादी गाउँपालिकामा रहेको कृषियोग्य जमिनमा सिंचाइ सुविधा पुर्याउनका लागि रकम विनियोजन गरेकी छु ।
- ✓ स्वास्थ्य सेवाको सरल तथा सुलभ पहुँचको नीतिलाई ध्यान दिँदै स्वास्थ्य विमा कार्यक्रम तथा स्वास्थ्य सेवालाई गुणस्तरिय बनाउन आवस्यक बजेट विनियोजन गरेकी छु ।
- ✓ महिला शसक्तीकरण मार्फत हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्दै लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलताको नीती बमोजिम लैङ्गिक समानता कायम गर्न बजेट विनियोजन गरेकी छु ।
- ✓ विहादी गाउँपालिकाका मुख्य प्रवेश नाका बाच्छा र डुँडमा विहादी गाउँपालिका प्रवेश द्वार निर्माणको लागि बजेट विनियोजन गरेकी छु ।
- ✓ विहादी गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातीहरुको संस्कृति संरक्षणका लागि बजेट विनियोजन गरेकी छु ।
- ✓ विहादी गाउँपालिकाको लोगो निर्माण तथा पालिका गान निर्माण गर्नका लागि बजेट विनियोजन गरेकी छु ।
- ✓ अपाङ्ग, सिमान्तकृत, लोपोन्मुख, राज्यको पहुँचबाट पछि परेका नागरिकलाई बिशेष महत्व दिइ लैङ्गिक समानता, सामाजिक सुरक्षा तथा सामाजिक संरक्षणलाई जोड दिदै बजेट बिनियोजन गरेकी छु।
- ✓ विपन्न महिलाहरुलाई उद्यमशिलता तालिम प्रदान गरि रोजगारी सृजना गर्न बजेट विनियोजन गरेकी छु ।
- ✓ गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, पर्यटन विकास, भाषा, संस्कृति युवा तथा खेलकुदको लागि बजेट बिनियोजन गरेकी छु ।
- ✓ पुर्वाधार बिकासतर्फ यस आ.व. मा सडक, भवन निर्माण तथा मर्मत को लागि बजेट विनियोजन गरेकी छु ।
- ✓ प्राकृतिक प्रकोपले जन, धनको क्षति पुर्याउन सक्ने हुँदा यस्ता क्षति रोक्न तथा तत्काल राहत तथा उद्दार सम्बन्धि आवश्यक कार्यका लागि विपद व्यवस्थापनमा रकम बिनियोजन गरेकी छु ।

**आदरणिय सदस्यज्यूहरु**

अब म आ.व. ०८२/८३ को आय व्ययको अनुमानित बिवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहान्छु ।

**<u>आय तर्फ :</u>**

- नेपाल सरकारबाट प्राप्त बित्तीय समानीकरण अनुदानतर्फ रु ७,३७,००,०००/- ( ७ करोड ३७ लाख),
- संघीय सरकार राजस्व बाँडफाँड तर्फ रु ६,०७,४४,२३२/- ( ६ करोड ७ लाख ४४ हजार २ सय ३२ ),
- संघीय सरकार सशर्त अनुदान
  चालु तर्फ रु २१,३८,००,०००/-(२१ करोड ३८ लाख),
  पुँजीगत तर्फ रु ४,२६,००,००० (४ करोड २६ लाख)
- संघीय सरकारबाट प्राप्त समपुरक अनुदानतर्फ रु ९६,००,०००/- ( ९६ लाख मात्र ),

- संघीय सरकारबाट प्राप्त बिशेष  अनुदानतर्फ रु २,२५,,००,०००/- ( २ करोड २५ लाख मात्र ),
- गण्डकी प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानतर्फ रु ८८,५१,०००/- ( ८८ लाख ५१ हजार ),
- गण्डकी प्रदेश सरकार राजस्व बाँडफाँडतर्फ रु ६८,७१,०००/- ( ६८ लाख ७१ हजार ),
- गण्डकी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान चालु तर्फ रु २,००,०००/- ( २ लाख मात्र ),
- गण्डकी प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानतर्फ रु ६०,००,०००/- ( ६० लाख मात्र ),
- स्थानीय सरकार राजश्व बाँडफाँडतर्फ रु ३०,००,०००/- ( ३० लाख मात्र)
- आन्तरिक आयतर्फ कर सेवा शुल्क र दस्तुर  गरि जम्मा रु २५,००,०००/- ( २५ लाख मात्र),
- कालिगण्डकी जल विद्युत रोयल्टीबाट जम्मा रु ६०,००,०००/- ( ६० लाख मात्र),
- वन रोयल्टी जम्मा रु १५१००/- (१५ हजार १ सय मात्र),
- चालु आ.व.को अनुमानित अ.ल्या. रकम रु २,५०,००,०००/- ( २ करोड ५० लाख मात्र),

**जम्मा कुल आय रु ४५,३२,८१,३३२ ।- ( ४५ करोड ३२ लाख ८१ हजार ३ सय ३२ मात्र)** अनुमान गरिएको छ ।

<u>**व्यय तर्फ**</u>

**चालु खर्च तर्फ : ( ७४.७७ प्रतिशत** )

- कार्यालय संचालन तथा प्रशासनिक खर्च तथा विषयगत शाखा तथा वडागत कार्यक्रम खर्च समेतको चालु खर्च रु १२,४९,१५,४२२/-( १२ करोड ४९ लाख १५ हजार ४ सय २२ रुपैयाँ ) विनियोजन गरेकी छु,
  संघीय सशर्त अनुदानको चालु खर्च रु २१,३८,००,०००/-( २१ करोड ३८ लाख ),
- विपद् व्यवस्थापन तथा राहत कोषमा रकम रु १५,००,०००/- ( १५ लाख ) विनियोजन गरेकी छु,
- प्रदेश शशर्त अनुदान चालु खर्च रु २,००,०००/-( २ लाख),

जम्मा **रु ३३,८९,१५,४२२/- ( ३३ करोड ८९ लाख १५ हजार ४ सय २२)**

**पुँजिगत खर्च तर्फ : ( २५.२३ प्रतिशत )**

- संघीय सरकार अनुदान रु ४,२६,००,०००/-( ४ करोड २६ लाख )
- पालिकास्तरीय आयोजना र वडागत आयेजना तर्फ रु ६,१७,६५,९१०/-( ६ करोड १७ लाख ६५ हजार ९ सय १०)
- संघीय सरकार समपुरक अनुदान (विहादी गाउँपालिकामा सिँचाई आयोजना ) रु ९६,००,०००/-  ( ९६ लाख मात्र) यस वर्ष पनि निरन्तरता दिएकी छु ।
- संघीय सरकारबाट प्राप्त बिशेष  अनुदानतर्फ ( विहादी गाउँपालिकामा हाईटेक टनेल निर्माणको लागि ) रु २,२५,००,०००/- ( २ करोड २५ लाख मात्र ), यस वर्ष पनि निरन्तरता दिएकी छु ।
- प्रदेश समपुरक अनुदान रु ६०,००,०००/- ( ६० लाख मात्र)
- समपुरक कोषमा रकम रु १,५६,००,०००/- ( १ करोड ५६ लाख) विनियोजन गरेकी छु ।

जम्मा **रु  ११,४३,६५,९१०/- ( ११ करोड ४३ लाख ६५ हजार ९ सय १० रुपैयाँ मात्र )**

सभाध्यक्षज्यू,

अव म शाखागत बजेट प्रस्तुत गर्दछु ।

## शाखागत बजेट विनियोजन

| क्र.सं. | विषय | बजेट | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य शाखा | ३९ लाख ६० हजार | |
| २ | योजना शाखा | ५ करोड ३७ लाख ३० हजार | |
| ३ | पशु विकास शाखा | ३६ लाख ५० हजार | |
| ४ | सामाजिक सुरक्षा तथा पञ्जिकरण ईकाई | ४ लाख ५० हजार | |
| ५ | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | १७ लाख ५० हजार | |
| ६ | न्यायीक समिति | ५ लाख ५० हजार | |
| ७ | शिक्षा युवा तथा खेलकुद विकास शाखा | १ करोड ६२ लाख ६८ हजार ५ सय | |
| ८ | कृषि विकास शाखा | ६० लाख ५० हजार | |
| ९ | रोजगार सेवा केन्द्र | ११ लाख | |

## मुख्य कार्यक्रमहरु

- ✓ विहादी गाउँपालिकाको चिनारी र पहिचानको लागि बाच्छा खोला र डुडखोलामा विहादी गाउँपालिका प्रवेश द्वार निर्माण गर्न १६ लाख विनियोजन गरेकी छु ।
- ✓ सडक सुरक्षा तथा दुर्घटना न्यूनिकरणका लागि भुसाल चोकमा ट्राफिक पोस्ट निर्माण गर्न १ लाख ५० हजार विनियोजन गरेकी छु ।
- ✓ ६ वटै वडाहरुमा सञ्चालन भएका लिफ्टीङ खानेपानी सञ्चालन महसुलको सहुलितयको लागि ६ लाख विनियोजन गरेकी छु । यसबाट केही समुदाय लाभावन्वित हुने अपेक्षा गरेकी छु ।
- ✓ अत्याधिक रुपमा बाँदरको आक्रान्त बढे सँगै कृषकलाई राहतको लागि बाँदर नियन्त्रण तथा कुकाठ फँडानी र सुदपयोगको लागि १२ लाख विनियोजन गरेकी छु, जसमध्ये सबै वडाका कु काठहरु काटीनेछन ।
- ✓ समग्र विहादी गाउँपालिकाको भौगोलिक, सामाजिक, सास्कृतिक तथा धार्मिक विविधता झल्कने वित्तचित्र निर्माणको लागि ५ लाख विनियोजन गरेकी छु ।
- ✓ विभिन्न समुदायलाई अर्थसँग जोड्नका लागि कोदोको लोकल रक्सी ब्राण्डिकको प्रकृया अगाडी बढाउनको लागि ५ लाख विनियोजन गरेकी छु, जसबाट आर्थिक उत्पादन बृद्धि हुनेछ ।
- ✓ पालिकाको पहिचान र चिनारीको लागि पालिका गान र पालिका लोगो निर्माणको लागि यथेष्ट बजेट विनियोजन गरेकी छु ।
- ✓ पालिकाको विकास र समृद्धि लयमा लानको लागि आवधिक योजना, मध्यमकालिन खर्च संरचना र आयोजना बैंक निर्माण गर्नको लागि बजेट विनियोजन गरेकी छु ।
- ✓ स्वास्थ्य चौकीमा क्षयरोग तथा अन्य रोगहरु परिक्षण गरि नागरिकको स्वास्थ्यमा पहुँच पुर्याउन Microscope र Bio Chemistry Analyzer Machine मेशिन खरिद गर्न ५ लाख विनियोजन गरेकी छु ।
- ✓ आँखा उपचार केन्द्र व्यवस्थापनको लागि बजेट व्यवस्थापन गरेकी छु ।
- ✓ महिला स्वास्थ्य स्वयमसेवीका यातायात प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिँदै रु ६ लाख विनियोजन गरेकी छु ।
- ✓ सुत्केरीसँग उपाध्यक्ष कार्यक्रमलाइ यो वर्ष पनि निरन्तरता दिदै रु ४ लाख बजेट विनियोजन गरेकी छु ।

- अति गरिव तथा विपन्न परिवारलाई स्वास्थ्यको पहुँच पुर्याउने उद्देश्यले स्वास्थ्य बीमाको अवधारणा अनुसार रु ५ लाख विनियोजन गरेकी छु ।
- आय आर्जनमा जोड्न आरन सुधारको लागि रु ४ लाख विनियोजन गरेकी छु ।
- दलित समुदायमा चेतनामुलक तथा क्षमता अभिवृद्धि कार्यक्रमा सञ्चालन गर्न रु ६ लाख विनियोजन गरेकी छु ।
- सिमान्तकृत समुदाय, संस्कृति संरक्षण, माझी बोटे कुमाल बस्ती तथा समुदायको लागि रु ५ लाख विनियोजन गरेकी छु ।
- पञ्चेबाजा संरक्षण गर्नको लागि रु ४ लाख ५० हजार बजेट विनियोजन गरेकी छु ।
- प्राकृतिक प्रकोपले जनधनको क्षति र विपद् न्यूनिकरणको लागि विपद् सहायकता कोषमा १५ लाख विनियोजन गरेकी छु ।
- असहाय, विपन्न, अल्पसंख्यक, सिमान्तकृत सहायता कोषमा रु १० लाख विनियोजन गरेकी छु ।
- विहादी गाउँपालिकाको पर्यटन प्रवर्द्धनको लागि रु ५ लाख बजेट विनियोजन गरेकी छु ।
- उज्यालो गाउँपालिकाको अवधारणा अनुसार मुख्य चोकहरुमा सडक बत्ती WiFi र CCTV जडानको लागि रु ६ लाख विनियोजन गरेकी छु । जसबाट नागरिकहरु सुरक्षित रहने अपेक्षा गरेकी छु ।
- व्यवसायिक कृषकलाई थप हौसलाको लागि दुध ढुवानीमा अनुदान कार्यक्रम लाइ निरन्तरता दिदै प्रति लिटर रु ५ मा २ रुपैया ५० पैसा बृद्धि गरि प्रति लिटर रु ७.५ रुपैयाँका दरले रु ३ लाख ७५ हजार विनियोजन गरेकी छु ।
- पशु चौपायहरुलाई लाग्ने रोगको उपचार गर्न औषधि खरिदमा बजेट विनियोजन गरेकी छु ।
- हलगोरु पाल्ने किसानलाइ प्रेत्साहन अनुदान कार्यक्रमलाई निरन्तरता दिँदै रु ५ लाख विनियोजन गरेकी छु ।
- स्थानीय लोकल गाई संरक्षण कार्यक्रमलाई निरन्तरता दिएकी छु ।
- खाद्यान्न विउ विजनमा अनुदान दिनको लागि यथेष्ट बजेट विनियोजन गरेकी छु ।
- प्रजननका लागि राँगा पालेका कृषकहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले १ लाख ५० हजार बजेट विनियोजन गरेकी छु ।
- ७५ प्रतिशत अनुदानमा घाँस काट्ने मेसिनको अवधारणा अगाडी बढाईएको छ । जसको लागि ५ लाख बजेट विनियोजन गरेकी छु ।
- उन्नत जातका गाई भैसी खरिदमा अनुदानमा रु ४ लाख बजेट विनियोजन गरेकी छु ।
- कृषक कल्याणकारी बचत कोषलाई निरन्तरता दिएकी छु ।
- भूगोल अनुसार माटो सुहाउँदो खेतीको लागि माटो परिक्षण गर्न बजेट विनियोजन गरेकी छु ।
- चिस्यान केन्द्र निर्माण तथा सञ्चालन गर्न रु २५ लाख बजेट विनियोजन गरेकी छु ।
- महिलाहरुलाई उद्यममा जोड्दै आय आर्जनमा बृद्धि गर्ने उद्देश्यका साथ उपाध्यक्षसँग विपन्न उद्यमी महिला तालिमलाई निरन्तरता दिँदै रु ८ लाख विनियोजन गरेकी छु ।
- महिला तथा किशोरी क्षमता अभिवृद्धिको लागि बजेट विनियोजन गरेकी छु ।
- अति गरिव तथा विपन्न परिवारलाई स्वास्थ्यको पहुँचमा ल्याउन स्वास्थ्य बीमाको अवधारणा अनुसार रु ५ लाख बजेट विनियोजन गरेकी छु ।
- शिक्षालाई गुणस्तरिय बनाउन सुधारात्मक नतिजाका लागि परीक्षा प्रणाली मजवुत बनाउन कक्षा ३, ५, ८ मा परीक्षा सञ्चाल गर्न रु ५ लाख बजेट विनियोजन गरेकी छु ।
- सामुदायिक विद्यालयहरुमा कक्षा ६ – ८ सम्म दिवा खाजा व्यवस्थापनको लागि २० लाख बजेट विनियोजन गरेकी छु ।
- निशुल्क शिक्षक सेवा तथा लोक सेवा आयोग कक्षा सञ्चालनलाई निरन्तरता दिँदै रु ५ लाख बजेट विनियोजन गरेकी छु ।

- ✓ राष्ट्रपती रनिङ सिल्ड कार्यक्रमलाई निरन्तरता दिँदै र ६ लाख बजेट विनियोजन गरेकी छु ।
- ✓ SEE को नतिजालाई मध्यनजर गर्दै विद्यालयहरुमा अतिरक्त कक्षा सञ्चालन लाई निरन्तरता दिँदै रु २ लाख बजेट विनियोजन गरेकी छु ।
- ✓ अध्यक्षकप खेलकुदलाई निरन्तरता दिँदै रु ८ लाख बजेट विनियोजन गरेकी छु ।
- ✓ विद्यार्थी प्रतिभा पहिचानको लागि यथेष्ट बजेट विनियोजन गरेकी छु ।
- ✓ बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको लागि यथेष्ट बजेट विनियोजन गरेकी छु ।
- ✓ वडा स्तरका मेलमिलाप केन्द्रलाई विवाद निरुपण र व्यवस्थापनको लागि रु १ लाख ५० हजार बजेट विनियोजन गरेकी छु ।
- ✓ विद्यार्थी सँग न्यायिक समिति कार्यक्रम तथा समिक्षाको लागि यथेष्ट बजेट विनियोजन गरेकी छु ।
- ✓ लक्षित समुदायमा कानुनी परामर्शको लागि बजेट विनियोजन गरेकी छु ।

सभाध्यक्ष महोदय ,

अव म आर्थिक विधेयक २०८२, विनियोजन विधेयक २०८२ तथा सो ऐनसंग सम्बन्धित अनुसूचिहरु र स्थानीय मदिरा (अन्न बाली तथा फलफुलबाट) उत्पादन, ब्राण्डिङ तथा विक्री वितरण व्यवस्थापन विधेयक, २०८२ माथी  छलफल गरियोस भन्ने प्रस्ताव साथ पेश गरेकी छु।

विभिन्न भूगोल र सम्भावना बोकेको यस विहादी गाउँपालिकाको आम गुनासो र योजना साथै जनभावना बुझि बाच्छाको भेडावारी देखि विभिन्न समुदाय जात जाति, भाषा भाषी, माझी वस्ती, बोटे बस्ती उरामको कात्तीके देखि शालिग्रामको गोलाङ सम्मका दलीत, जनजाती, महिला बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक सवैलाई नजिकबाट नियालेकी छु । पहुँच नपुगेका आम नागरिकलाई समेट्न सदैव संकल्प रहने छ ।

हामी निर्वाचित भएको चौथो वर्षमा छौँ, विहादीको समृद्धिको लागि गाउँपालिकाको अर्थतन्त्रलाई गतिशिल बनाउन पूर्वाधार विकास तर्फ सबै वडामा पक्की ढलान बाटोको सुरुवात गर्दै, आर्थिक समृद्धिमा कृषिलाई जोड्दै साना घरेलु उद्योग मार्फत महिला तथा विपन्न नागरिकलाई समावेश गराउँदै विद्यालय क्षेत्रको सुधारात्मक पक्षतर्फ बजेट विनियोजन गर्दै स्वास्थ्यलाई अपग्रेड गर्दै ३ वर्षको अवधि विहादीवासी नागरिक सँग हातेमालो गरिरहेका छौँ यस अर्थमा सन्तोषजनक रुपमा लिएकी छु ।

कामहरु गर्न धेरै बाँकी छन् , नीति निर्माण गर्नुपर्ने जिम्मेवारी अझै छ, विहादीको समृद्धिको लागि सधैँ प्रतिबद्ध छु, विनियोजन भएका योजना तथा कार्यक्रमहरु र सम्बोधन हुन नसकेका योजना तथा कार्यक्रमहरु क्रमिक रुपले सम्बोधन हुनेछन भन्ने विश्वास आदरणिय गाउँबासीमा दिलाउन चाहन्छु ।

विविध कारणहरुबाट उत्पन्न परिस्थितिको कारण हाम्रो सम्बृद्धिको यात्रामा केही अवरोध खडा भएता पनि हामी सबैको सहमति, सहकार्य, एकता र साझा संकल्प र हातेमालोबाट समृद्ध र सुन्दर विहादी निर्माण गर्ने कार्यमा सफल हुनेछौ भन्ने आशा लिएकी छु ।

अन्त्यमा यो बजेट निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, तथा कार्यपालिकाका सम्पूर्ण विषयगत समितिहरु, सम्पूर्ण सभा सदस्यज्यूहरु, सभा सचिवज्यू, कर्मचारीहरु तथा अन्य महानुभावहरुलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद नमस्कार !

**मिना शर्मा तिवारी**
**उपाध्यक्ष**
**विहादी गाउँपालिका, वहाकीठाँटी, पर्वत**

**विहादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**वहाकीठाँटी, पर्वत**

**आर्थिक वर्ष २०८२।०८३ को प्रस्तावित बजेट**

| स्वास्थ्य शाखा | | | |
|---|---|---|---|
| **सि.नं.** | **योजना/कार्यक्रमको शिर्षक** | **विनियोजित रकम रु** | **कैफियत** |
| १ | स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन खर्च ( २५ * ६ ) | १५०००० | |
| २ | Family Health Profile Update | ५०००० | |
| ३ | न्यूनतम सेवा मापदण्डमा आवश्यक सामग्री खरिद | २००००० | |
| ४ | अति गरिव तथा विपन्न परिवार स्वास्थ्य बिमा कार्यक्रम | ५००००० | |
| ५ | किशोर किशोरी प्रजनन् स्वास्थ्य कार्यक्रम | १००००० | |
| ६ | वडा अन्तर्गतका बालबालिकाहरुको पोषण स्क्रीनिंङ | २००००० | |
| ७ | आँखा उपचार केन्द्र व्यवस्थापन | २००००० | |
| ८ | ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम | ६०००० | |
| ९ | ल्याब संचालन तथा व्यवस्थापन | १५०००० | |
| १० | सुत्केरी संग उपाध्यक्ष कार्यक्रम | ४००००० | |
| ११ | महिला स्वास्थ्य स्वयंमसेविका यातायात खर्च | ६००००० | |
| १२ | स्वास्थ्य शिविर संचालन | ३००००० | |
| १३ | महिला स्वास्थ्य स्वयंसेविका दिवस तथा प्रोत्साहन रकम | २००००० | |
| १४ | अनुगमन | १००००० | |
| १५ | VPD सर्भिलेन्स | १५००० | |
| १६ | विभिन्न सफ्टवयर खरिद तथा सञ्चालन | २३५००० | |
| १७ | वहाकीठाँटी स्वास्थ्य चौकीमा क्षयरोग तथा अन्य रोगहरु परिक्षण गर्न Bio Chemistry Analyzer Machine र Microscope CX31 खरिद | ५००००० | |
| | **जम्मा** | **३९६००००** | |

| योजना शाखा | | | |
|---|---|---|---|
| योजनाहरु : | | | |
| १ | विहादी गाउँपालिकाको प्रवेशद्वार निर्माण वडा नं. १ वाच्छाखोला वडा नं ५ डुडखोला | १६००००० | |
| २ | भुसालचोकमा ट्राफिक पोष्ट निर्माण | १५०००० | |
| ३ | सभाहल मर्मत सम्भार | २००००० | |
| ४ | सभाहललाई कुर्चि खरिद | २००००० | |
| ५ | गाउँपालिकामा लिफ्टीङ खानेपानी संचालन महसुल सहुलियत तथा मर्मत संभार | ६००००० | |
| ६ | डहरमुनी देखि थुम्का जानेबाटो मर्मत तथा ढलान | ६००००० | |
| ७ | पालिकास्तरिय सडक सरसफाई | ६००००० | |
| ८ | समपुरक कोष | १५६००००० | |
| ९ | सापचौर खेल मैदान, वडा नं. ४ | १४००००० | |
| १० | सापचौर खेल मैदान जग्गा प्राप्ती | ५५५००० | |
| ११ | ४ नं. वडा कार्यालय निर्माण (भूक्तानी बाँकी) | १५३८००० | |
| १२ | पैयु क्षेत्र ग्रामिण सामुदायिक विद्युतीकरण उपभोक्ता समिति ट्रान्सफर्मर मर्मत | २००००० | |

| | | | |
|---|---|---|---|
| १३ | गोरेटा बाटाहरु सुधार (साविक १-५) | २७५००० | |
| १४ | गोरेटा बाटाहरु सुधार (साविक ६-९) | २२५००० | |
| १५ | हनुमानडाँडा खानेपानी वितरण | ४०००० | |
| १६ | सडक बोर्ड लगायत अन्य साझेदारी | ६००००० | |
| १७ | चिस्यान केन्द्र (गत वर्षको भुक्तानी वाँकी) रानीपानी | १०४७००० | |
| १८ | सिँचाई आयोजना क्रमागत भुक्तानी | १००००००० | |
| १९ | वाँदर नियन्त्रण, कुकाठ फँडानी तथा सदुपयोग | १२००००० | |
| २० | **मागमा आधारित योजना** | | **१००००००००** |
| २०.१ | विभिन्न पूर्वाधार विकास तथा रोजगार साझेदारी आयोजना | २८००००० | अध्यक्ष |
| २०.२ | विविध कार्यक्रम सञ्चालन | ७००००० | |
| २०.३ | खानेपानी र सिंचाई पाईप तथा अन्य खरिद | ७००००० | |
| २०.४ | मुख्य चोकहरुमा सडक बत्ती, WIFI र CCTV जडान | ६००००० | |
| २०.५ | स्वरोजगार सहायता कोष | ५००००० | |
| २०.६ | प्रविधि हस्तान्तरण कार्यक्रम | ४००००० | |
| २०.७ | खेलकुद सामग्री वितरण | ३००००० | |
| २०.८ | यातायात पुर्वाधार | २५००००० | उपाध्यक्ष |
| २०.९ | विविध कार्यक्रम तथा प्रविधि हस्तान्त्रण | १२००००० | |
| २०.१० | खानेपानी तथा सिंचाई पाईप खरिद | ३००००० | |
| २१ | विहादी गाउँपालिकाको वृतचित्र निमार्ण | ५००००० | |
| २२ | कोदोको लोकल रक्सी ब्राण्डिङ | ५००००० | |
| २३ | योजना अनुगमन तथा सुपरिवेक्षण वैठक भत्ता | १००००० | |
| २४ | प्रमुख प्रशासकीय अधिकृत मोटरसाइकल खरिद | ४००००० | |
| २५ | Water Test Kit र Field Kit खरिद | १००००० | |
| २६ | पालिकागान र पालिका लोगो निर्माण | १००००० | |
| २७ | पालिकामा भएका IEE Report हरुको संशोधन खर्च | १००००० | |
| २८ | गाउँपालिकाको क्यालेण्डर निर्माण | १००००० | |
| २९ | प्राविधिक फिल्ड भत्ता | ८००००० | |
| ३० | आवधिक योजना निर्माण | ७००००० | |
| ३१ | मध्यमकालिन खर्च संरचना निर्माण | ३००००० | |
| ३२ | आयोजना बैंक निर्माण | २००००० | |
| ३३ | आरन सुधार कार्यक्रम | ४००००० | |
| ३४ | दलित समुदाय चेतनामूलक तथा क्षमता अभिवृद्दी  कार्यक्रम | ६००००० | |
| ३५ | पन्चेवाजा खरिद (संस्कृति संरक्षण) | ४५०००० | |
| ३६ | कला संस्कृति संरक्षण आदिवासी जनजाति | ५००००० | |
| ३७ | सिमान्तकृत समुदायको संस्कृति संरक्षण (माझी, वोटे, कुमाल) | ५००००० | |
| ३८ | पर्यटन | ५००००० | |
| ३९ | डिजिटल क्यामेरा खरिद | २५०००० | |
| | **योजना शाखा कुल जम्मा** | **५३७३००००** | |
| **पशु विकास शाखा** | | | |
| १ | स्थानीय / लोकल गाई संरक्षण कार्यक्रम | १२५००० | |
| २ | हलगोरु पाल्ने कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम | ५००००० | |
| ३ | पशु स्वास्थ्य औषधी खरिद | ८००००० | |
| ४ | दुध ढुवानीमा अनुदान (प्रतिलिटर ७.५ रुपैयाँ) | ३७५००० | |

| | | | |
|---|---|---|---|
| ५ | ल्याव व्यवस्थापन तथा ल्याव सम्बन्धि आवश्यक सामाग्री खरिद | १००००० | |
| ६ | ७५% अनुदानमा घाँस काट्ने मसिन वितरण | ५००००० | |
| ७ | उन्नत जातका गाई/भैसी खरिदमा अनुदान | ४००००० | |
| ८ | शाखाका कार्यक्रमहरु फिल्ड / अनुगमन खर्च | १००००० | |
| ९ | प्रजननका लागि राँगा पालेका कृषकलाई प्रोत्साहन कार्यक्रम | १५०००० | |
| १० | भकारो सुधार कार्यक्रम | ६००००० | |
| **जम्मा** | | **३६५००००** | |
| **सामाजिक सुरक्षा तथा पञ्जिकरण ईकाई** | | | |
| १ | सम्पूर्ण वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण सहजिकरण कार्यक्रम | ३००००० | |
| २ | घटना दर्ता सप्ताह अभियान | ५०००० | |
| ३ | शाखाका कार्यक्रमहरु प्रभावकारी रुपले सञ्चालन गर्न फिल्ड / अनुगमन | ५०००० | |
| ४ | अपांगता परिचयपत्र बैठक संचालन खर्च | ५०००० | |
| **जम्मा** | | **४५००००** | |
| **महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा** | | | |
| १ | लैंगिक समानता तथा सामाजिक समावेशिकरण रणनिति | १५०००० | |
| २ | उपाध्यक्ष सँग विपन्न महिला उद्यमी उत्थान, तालिम कार्यक्रम | ८००००० | |
| ३ | नारी दिवस | २००००० | |
| ४ | महिला तथा किशोरी उद्घोषण तालिम कार्यक्रम | ३००००० | |
| ५ | वालमैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रम | १५०००० | |
| ६ | बाल विवाह, लैंगिक हिंसा निवारण तथा सचेतना अभिवृद्धि कार्यक्रम | १५०००० | |
| **जम्मा** | | **१७५००००** | |
| **न्यायिक समिति** | | | |
| १ | न्यायिक समितिको बैठक संचालन तथा व्यवस्थापन खर्च | १००००० | |
| २ | मेलमिलाप केन्द्र वैठक संचालन तथा विवाद निरुपण | १५०००० | |
| ३ | विद्यार्थी सँग न्यायिक समिति कार्यक्रम तथा न्यायिक कार्यक्रमको समिक्षा | २००००० | |
| ४ | महिला तथा लक्षित समुदायमा कानूनी परामर्श सम्बन्धी कार्यक्रम | १००००० | |
| **जम्मा** | | **५५००००** | |
| **शिक्षा युवा तथा खेलकुद विकास शाखा** | | | |
| १ | बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीका लागि थप तलब अनुदान | ६५१२००० | |
| २ | तोकिएको ११ विद्यालयहरुमा बाल कक्षा तथा केजी कक्षा अनुदान | २५०२५०० | |
| ३ | आधारभूत तह कक्षा ३ ,५ र ८को परीक्षा तथा अन्य कक्षाहरुको वार्षिक र सिकाइ उपलब्धी परीक्षा संचालन व्यवस्थापन तथा सुपरिवेक्षण | ५००००० | |
| ४ | प्रधानाध्यापक शिक्षक तथा शिक्षा सम्बन्धि बैठक र कार्यक्रमको खाजा खाना तथा स्टेशनरी व्यवस्थापन तथा बैठक भत्ता तथा यातायात खर्च | ३००००० | |
| ५ | विद्यालय तहको लागि कम्प्युटर प्राविधिक व्यवस्थापन अनुदान | ४६४००० | |
| ६ | आधारभूत तह कक्षा ६- ८ सम्म दिवा खाजा व्यवस्थापन अनुदान | २०००००० | |
| ७ | गाउँ शिक्षा समिति बैठक सञ्चालन बैठक भत्ता तथा खाजा खाना | २००००० | |
| ८ | राष्ट्रपति रनिङ शिल्ड संचालन व्यवस्थापन | ५९०००० | |
| ९ | आ व २०८१।०८२ को राष्ट्रपती रनिङ सिल्डको भूक्तानी बाँकी | २१०००० | |
| १० | स्थानीय पाठ्यपुस्तक प्रकाशन तथा छपाई कार्यक्रम | ५००००० | |
| ११ | शिक्षा दिवस कार्यक्रम उत्कृष्ट विद्यार्थी तथा शिक्षक सम्मान | २५०००० | |
| १२ | शिक्षा सम्बन्धी तालिम तथा कार्यक्रमहरु | ४००००० | |
| १३ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | १५०००० | |

| | | | |
|---|---|---|---|
| १४ | बिध्यालयहरुमा शैक्षिक क्यालेन्डर निर्माण | ४०००० | |
| १५ | बिद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चलन | २००००० | |
| १६ | बिद्यालयहरुको शैक्षिक सुपरिबेक्षण | १००००० | |
| १७ | निशुल्क शिक्षकसेवा तथा लोकसेवा आयोग कक्षा अन्य कक्षाहरु संचालन | ५००००० | |
| १८ | शिक्षा विविध | ५०००० | |
| १९ | अध्यक्ष कप खेलकुद | ८००००० | |
| **जम्मा** | | **१६२६८५००** | |
| **कृषि विकास शाखा** | | | |
| १ | विविध परामर्श | १०००००० | |
| २ | चिस्यान केन्द्र निर्माण तथा सञ्चालन (तिलिङ्गेडाँडा / औद्योगिक ग्राम) | २५००००० | |
| ३ | तरकारी विउ वितरण कार्यक्रम | २००००० | |
| ४ | योजना कार्यान्वयन अनुगमन तथा सुपरिवेक्षण | १००००० | |
| ५ | मागमा आधारित मौसमी तथा वेमौसमि तरकारी तालिम कार्यक्रम | ६००००० | |
| ६ | विभिन्न दिवस तथा अगुवा कृषक सम्मान कार्यक्रम | १००००० | |
| ७ | ५० प्रतिशत अनुदानमा मल्चिङ प्लाष्टिक तथा स्प्रे र स्केचर वितरण कार्यक्रम | २५०००० | |
| ८ | जैविक विषादी तथा ट्र्याप वितरण कार्यक्रम | ५००००० | |
| ९ | सुक्षम पोषकतत्व वितरण कार्यक्रम | ३००००० | |
| १० | कृषक कल्याणकारी वचत कोष कार्यक्रम | २००००० | |
| ११ | अन्तर पालिका समन्वय कार्यक्रम | १००००० | |
| १२ | माटो परिक्षण तथा कृषि चुन वितरण कार्यक्रम | २००००० | |
| **जम्मा** | | **६०५००००** | |
| **रोजगार सेवा केन्द्र** | | | |
| १ | प्राविधिक सहायकको तलब र पोशाक भत्ता | ५००००० | |
| २ | कार्यक्रमको अनुगमन सुपरिवेक्षण | ५०००० | |
| ३ | मनोसामाजिक परामर्शकर्ताको ५० प्रतिशत तलब तथा सुविधा | २५४००० | |
| ४ | सुरक्षित आप्रवासन (सामी) कार्यक्रम जनप्रतिनिधि / समुदायस्तरको अभिमुखिकरण कार्यक्रम तथा वैदेशिक रोजगार सम्बन्धी जनचेतनामुलक सुचना / प्रचार सामाग्रीहरु तयारी गरि जनस्तरसम्म प्रचारप्रसार (पर्चा पम्प्लेट / होर्डिङ बोर्ड आदी) | ५०००० | |
| ५ | श्रमिकलाई व्यवसायिक तालिम | २४६००० | |
| | **जम्मा** | **११०००००** | |
| | **गाउँ कार्यपालिकाको कार्यालय / शाखागत जम्मा** | **८७५०८५००** | |

**गाउँपालिकाको प्रशासनिक तथा कार्यालय संचालन खर्च**

| **क्र स** | **योजना तथा कार्यक्रम** | **प्रस्तावित बजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २१०००००० | |
| २ | सूचना प्रविधि अधिकृतको तलव थप | ३००००० | |
| ३ | एक गाउँ एक प्राविधिक तलव थप | ५५०००० | |
| ४ | राष्ट्रिय पञ्जिकरणका कर्मचारीलाई तलव थप | २५०००० | |
| ५ | पदाधिकारी सुविधा | ७५००००० | |
| ६ | पोशाक | ६५०००० | |
| ७ | स्थानीय भत्ता | १५००००० | |
| ८ | महंगी भत्ता | २५००००० | |
| ९ | कर्मचारी बैठक भत्ता | ६००००० | |

| | | | |
|---|---|---|---|
| १० | कर्मचारी प्रोत्साहन तथा सम्मान पुरस्कार | २००००० | |
| ११ | अन्य भत्ता | १५०००० | |
| १२ | विषयगत समिति लगायतको बैठक भत्ता | २००००० | |
| १३ | पदाधिकारी बैठक भत्ता | २७०००००० | |
| १४ | पदाधिकारी अन्य सुविधा | ५००००० | |
| १५ | अनुगमन मुल्यांकन पदाधिकारी | ४००००० | |
| १६ | कर्मचारी कल्याण कोष | १०००००० | |
| १७ | पानी तथा बिजुली | ३००००० | |
| १८ | संचार महसुल | ५००००० | |
| १९ | इन्धन (पदाधिकारी) | १२००००० | |
| २० | इन्धन (कार्यालय प्रयोजन) | ६००००० | |
| २१ | सवारी साधन मर्मत खर्च | १२००००० | |
| २२ | सवारी बीमा तथा नविकरण खर्च | ५००००० | |
| २३ | मेशिनरी तथा औजार खरिद, मर्मत सम्भार तथा सञ्चालन खर्च | ५००००० | |
| २४ | मसलन्द तथा कार्यालय सामाग्री | १२००००० | |
| २५ | इन्धन (अन्य प्रयोजन) | १००००० | |
| २६ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | १०००००० | |
| २७ | लोक कल्याणकारी सूचना प्रकाशन | ३००००० | |
| २८ | सरसफाई सेवा शुल्क | ५००००० | |
| २९ | परामर्श सेवा | ३००००० | |
| ३० | करार सेवा शुल्क | ७५०००००० | |
| ३१ | प्रशासनिक कार्यसञ्चालन सम्बन्धी विविध तालिम | ३००००० | |
| ३२ | कार्यालयको O&M निर्माण | ५००००० | |
| ३३ | सार्वजनिक सुनुवाई | ३००००० | |
| ३४ | कार्यालयमा AC खरिद तथा जडान | ३००००० | |
| ३५ | कार्यपालिका बैठक खाना खाजा खर्च | ४००००० | |
| ३६ | कृषि एम्बुलेन्स सञ्चालन खर्च | ५००००० | |
| ३७ | अनुगमन मुल्यांकन | ३५०००० | |
| ३८ | बजार अनुगमन | १००००० | |
| ३९ | गैरसरकारी तथा अन्य संघ संस्था संग साझेदारी | १००००० | |
| ४० | विविध चालु | ३००००० | |
| ४१ | विविध पूँजीगत | ५००००० | |
| ४२ | भ्रमण खर्च | १०००००० | |
| ४३ | अतिथि सत्कार खर्च | ५००००० | |
| ४४ | विविध खर्च | ४००००२ | |
| ४५ | गाउँसभा सञ्चालन खर्च | ५००००० | |
| ४६ | घरभाडा | ५००००० | |
| ४७ | रेडियो सत्यवाणी सूचना प्रशारण खर्च | २५०००० | |
| ४८ | अन्य एफ एम सूचना प्रशारण खर्च | ५०००० | |
| ४९ | अन्य भाडा | १००००० | |
| ५० | फिर्ता तथा दाखिला गर्न बाँकी रहेका अनुदान तथा राजश्व भुक्तानी | ६५१५१०० | |
| ५१ | फर्निचर तथा फिक्चर्स | ८००००० | |
| ५२ | विपद व्यवस्थापन | १५००००० | |
| ५३ | सामाजिक सुरक्षा कोष | ५००००० | |
| ५४ | आर्थिक सहायता | १०००००० | |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | **७२९६५१०२** | |
| **गाउँकार्यपालिका विषयगत शाखा र अनिवार्य दायित्व सहित  कुल जम्मा** | | **१६०४७३६०२** | |
| **जम्मा अनुमानित बजेट रु** | | **१८६६८१३३२** | |
| **जम्मा वडा कार्यालयको बजेट सिलिङ रु** | | **२६२०७७३०** | |

| | | |
|---|---|---|
| **प्रति वडा कार्यालयको बजेट सिलिङ रु** | **४३६७९५५** | |

**१ नं. वडा कार्यालय बाच्छा**

| क्र.स. | योजना / कार्यक्रम | प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|
| **कार्यालय सञ्चालन तथा प्रशासनिक** | | | |
| १ | पानी तथा विजुली | २६००० | |
| २ | संचार महशुल | २०००० | |
| ३ | इन्धन कार्यालय प्रयोजन | ५९००० | |
| ४ | सवारी साधन मर्मत खर्च | १६००० | |
| ५ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | २०००० | |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० | |
| ७ | विविध खर्च | १००००० | |
| ८ | भ्रमण खर्च | ८४००० | |
| ९ | अतिथी सत्कार खर्च | ५०००० | |
| १० | सवारी साधन तथा मेशिनरी औजार भाडा | २४००० | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक जम्मा** | | **५४९०००** | |
| **योजना तथा कार्यक्रम** | | | |
| १ | बिरौटा कल्भट भल व्यवस्थापन तथा नाली निर्माण | १३५००० | |
| २ | कोपिलाको गाइ फारम देखि माथिको बाटो निर्माण | १००००० | |
| ३ | पतौति घाट जाने बाटो | १००००० | |
| ४ | मण्डली थान अधुरो नाली निर्माण | १४०००० | |
| ५ | चिप्ले ढुङ्गा ढलेको बर पदमार्ग | १४०००० | |
| ६ | साझा सुविधा अधुरो भवन निर्माण | १५०००० | |
| ७ | बच्छेश्वर होमस्टे व्यवस्थापन | ४०००० | |
| ८ | मोटरबाटो देखि घर्ति थर जोड्ने बाटो पदमार्ग निर्माण | १००००० | |
| ९ | बच्छेश्वर देखि भेडाबारी जोने बाटो मर्मत | १००००० | |
| १० | घुमाउनेबाट स्वास्थ्य चौकी जाने पदमार्ग निर्माण | १४०००० | |
| ११ | दैरनी कुलामुनी अधुरो पदमार्ग पुरा गर्ने | १००००० | |
| १२ | देउराली खोला दाना थुम्का पदमार्ग निर्माण | १५०००० | |
| १३ | सालडाँडा होमस्टे देखि मोटरबाटो जोड्ने पदमार्ग | ९०००० | |
| १४ | जनकल्याण मा वि शिशु कक्षा मर्मत | १००००० | |
| १५ | जनविकास आधारभुत विधालय व्यवस्थापन | ७०००० | |
| १६ | जनकल्याण प्रा वि को कक्षा कोठा निर्माण तथा व्यवस्थापन | १४०००० | |
| १७ | जनसेवा प्रा वि व्यवस्थापन | ३०००० | |
| १८ | महिला स्वास्थ्य स्यमसेविकाहरुलाइ सामाग्री राख्ने बाकस | ३६००० | |
| १९ | स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन | ५०००० | |
| २० | नसर्ने रोग तथा ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण सामाग्री | ४०००० | |
| २१ | ओखले देखि जोइखेत कुलोबाटो निर्माण | १४०००० | |
| २२ | खानेपानी सिंचाइ पाइप र जस्ता खरिद | १००००० | |

| | | | |
|---|---|---|---|
| २३ | वडा कार्यालय व्यवस्थापन | १००००० | |
| २४ | सडकबाटो सरसफाइ | ३००००० | |
| २५ | वडा कार्यालय उद्घाटन | १५०००० | |
| २६ | ११० मध्येको मुलबाटो देखि हेम आचार्यको खेत हुदै बाह्रबिसे सम्मको कुलो निर्माण | १००००० | |
| २७ | महिला सश्तिकरण कार्यक्रम | ९०००० | |
| २८ | वडा कार्यलयमा तारवार घेरा गेट निर्माण  र सभाहल फिनिसिङ्ग | ६००००० | |
| २९ | विविध भैपरी आउने कार्यक्रम खर्च | २८७९५५ | |
| **योजना तथा कार्यक्रम जम्मा** | | **३८१८९५५** | |
| **१ नं. वडा कार्यालय प्रशासनिक तथा योजना कार्यक्रम जम्मा** | | **४३६७९५५** | |
| | | | |
| **२ नं. वडा कार्यालय, वर्राचौर** | | | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक** | | | |
| १ | पानी तथा विजुली | २४००० | |
| २ | संचार महशुल | ३०००० | |
| ३ | इन्धन कार्यालय प्रयोजन | ४२००० | |
| ४ | सवारी साधन मर्मत खर्च | २०००० | |
| ५ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | ५०००० | |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० | |
| ७ | विविध खर्च | ६६००० | |
| ८ | भ्रमण खर्च | ६४००० | |
| ९ | अतिथी सत्कार खर्च | ५०००० | |
| १० | वडा कार्यालय व्यवस्थापन तथा सञ्चालन | ५०००० | |
| ११ | सवारी साधन तथा मेशिनरी औजार भाडा | २४००० | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक जम्मा** | | **५७००००** | |
| **योजना तथा कार्यक्रम** | | | |
| १२ | विपद् व्यवस्थापनको लागि पलाष्टिक खरिद | ९०००० | |
| १३ | विविध भैपरी आउने कार्यक्रम | ५५०००० | |
| १४ | पोषण कार्यक्रम | १००००० | |
| १५ | किशोर किशोरीका लागि वाल विवाह सम्बन्धि अभिमुखिकरण तालिम | १००००० | |
| १६ | ओडारे कात्तिके गोरेटो बाटो निर्माण | १५०००० | |
| १७ | साउथर पधेरो निर्माण | ७५००० | |
| १८ | मोटर बाटो सरसफाई तथा स्तरोन्नती | ५००००० | |
| १९ | झाक्रीथान दारपाला खानेपानी योजना | ४०००० | |
| २० | गैरार देखि गौमतीको घरसम्म भल नियन्त्रण तथा नाली निर्माण | १९३००० | |
| २१ | आम्वारी मा.वि.कार्यक्रम हल निर्माण तथा फर्निचर | ३००००० | |
| २२ | आम्वारी आ.वि.भवन पलाष्टर | १५०००० | |
| २३ | जनसेवा प्रा.वि.पर्खाल निर्माण | ६०००० | |
| २४ | वाच्छावोट कृषक समुह तार जडान र पंखा खरिद | ५०००० | |
| २५ | आई.पि.यम.पाठशाला सञ्चालन | २००००० | |
| २६ | भडे गौडा खोल्सा ग्याविन निर्माण | २००००० | |
| २७ | बर्राचौर सिँचाई टंकी निर्माण तथा तारबार | १५०००० | |
| २८ | भास्तुङ देखि उपल्लार गोरेटो बाटो निर्माण | १५०००० | |
| २९ | आँपारुख डहरमुनी सोता गोरेटो बाटो निर्माण | १५०००० | |
| ३० | पखाले दारपाला गोरेटो बाटो निर्माण | १८९९५५ | |

| | | | |
|---|---|---|---|
| ३१ | खहरेखोला ढाकाचौर गोरेटो बाटो निर्माण | १५०००० | |
| ३२ | आम्बोटे साझेदारी बाटो पर्खाल निर्माण | २५०००० | |
| **योजना तथा कार्यक्रम जम्मा** | | **३७९७९५५** | |
| **२ नं. वडा कार्यालय प्रशासनिक तथा योजना कार्यक्रम जम्मा** | | **४३६७९५५** | |
| | | | |
| **३ नं. वडा कार्यालय, रानीपानी** | | | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक** | | | |
| १ | पानी तथा विजुली | २४००० | |
| २ | संचार महशुल | ३०००० | |
| ३ | इन्धन कार्यालय प्रयोजन | २०००० | |
| ४ | सवारी साधन मर्मत खर्च | १६००० | |
| ५ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | १८००० | |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० | |
| ७ | विविध खर्च | ५०००० | |
| ८ | भ्रमण खर्च | ८४००० | |
| ९ | अतिथी सत्कार खर्च | १००००० | |
| १० | वडा कार्यालय व्यवस्थापन खर्च | ५०००० | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक जम्मा** | | **५४२०००** | |
| **योजना तथा कार्यक्रम** | | | |
| | सडक सरसफाई | ५००००० | |
| | स-सना योजना | ५००००० | |
| | भैपरी आउने कार्यक्रम खर्च | ५८५००० | |
| | स्वास्थ्य चौकी व्यवस्थापन खर्च | ५०००० | |
| | कला संस्कृति संरक्षण तथा खेलकुद | १००००० | |
| | सिमाना बोर्ड तथा लेखन | ७०००० | |
| | करिडोर देखि बाहुन टोल जाने बाटो | २००००० | |
| | खोलाखेत कल्बड निर्माण ३ | १००००० | |
| | रातामाटा मोटरबाटो मेसिनरी वाल | २००००० | |
| | माझीम सिचाई पाईप | ४०९५५ | |
| | डहरपरी मेसिनरी वाल ३ | १००००० | |
| | पाइप लाईन खन्ने | ६०००० | |
| | ढाव गैरा पक्की सिढी बाटो | ६०००० | |
| | सिरान छरछरे पक्की सिढी बाटो | ६०००० | |
| | दुर्गा कालिका मन्दिर निर्माण | २००००० | |
| | कुलबाध मुल संरक्षण | १००००० | |
| | बाइम सिंचाई टङ्की मर्मत | ५०००० | |
| | राडडाँडा पक्की सिढी बाटो | ५०००० | |
| | पस्यार भल नियन्त्रण | १००००० | |
| | खोप केन्द्र पक्की सिढी बाटो | १००००० | |
| | रानीखोला क्रियाघर निर्माण | १५०००० | |
| | कुवापानी क्रियाघर तथा पक्की सिढी बाटो | २००००० | |
| | फेराकोचौर प्रतिक्षालय निर्माण | १००००० | |
| | थुम्कामुल संरक्षण तथा सिढी बाटो | १००००० | |
| | आयुर्वेद शिविर संचालन | ५०००० | |
| **योजना तथा कार्यक्रम जम्मा** | | **३८२५९५५** | |

| | | | |
|---|---|---|---|
| **३ नं. वडा कार्यालय प्रशासनिक तथा योजना कार्यक्रम जम्मा** | | **४३६७९५५** | |
| | | | |
| **४ नं. वडा कार्यालय, वहाकीठाँटी** | | | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक** | | | |
| १ | पानी तथा विजुली | २४००० | |
| २ | संचार महशुल | २४००० | |
| ३ | इन्धन कार्यालय प्रयोजन | ४५००० | |
| ४ | सवारी साधन मर्मत खर्च | ३०००० | |
| ५ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | ३२००० | |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | १३२९५५ | |
| ७ | विविध खर्च | २००००० | |
| ८ | भ्रमण खर्च | ९६००० | |
| ९ | सवारी साधन तथा मेशिनरी औजार भाडा | २४००० | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक जम्मा** | | **६०७९५५** | |
| **योजना तथा कार्यक्रम** | | | |
| १ | वडा कार्यालय वाल तथा रेलिङ्ग निर्माण | १०००००० | |
| २ | शाखा सडक सरसफाई | ४००००० | |
| ३ | राष्ट्रिय स्वरोजगार साझेदारी | ४००००० | |
| ४ | सामुदायीक विद्युत घुम्ति कोष ऋण व्यवस्थापन | ५००००० | |
| ५ | आई.पि.एम.कार्यक्रम | २००००० | |
| ६ | सामुदायीक विद्युत व्यवस्थापन | ११०००० | |
| ७ | वडा कार्यालय जग्गा खरिद तथा व्यवस्थापन | १००००० | |
| ८ | भन्ज्याङ्ग भल तथा सडक वत्ती व्यवस्थापन | १५०००० | |
| ९ | डेस्टप,प्रिन्टर तथा ल्यापटप खरिद | २००००० | |
| १० | सापचौर खेलमैदान जग्गा व्यवस्थापन खर्च | १००००० | |
| ११ | यातयात तथा ढुवानी भाडा | ४०००० | |
| १२ | सुख दुःखमा भेटघाट खर्च | ५०००० | |
| १३ | दर्नास प्रतिक्षालय टिमुरे कच्चि बाटो निमार्ण | ५०००० | |
| १४ | स्वास्थ्य चौकी व्यवस्थापन खर्च | ४०००० | |
| १५ | शिवपार्वती मन्दिर पुजा तथा सरसफाई | ७०००० | |
| १६ | राम मन्दिर पुजा तथा सरसफाई | ३०००० | |
| १७ | असौंदीखोला धारा व्यस्थापन | ४०००० | |
| १८ | तलातुम सामुदायीक भवन व्यवस्थापन | १००००० | |
| १९ | गणेश मन्दिर लामाखर्क व्यवस्थापन | १००००० | |
| २० | नमेदी सामुदायिक भवन मर्मत संभार | ५०००० | |
| २१ | जम्पुर वहाकी खानेपानी व्यवस्थापन | ३०००० | |
| **योजना तथा कार्यक्रम जम्मा** | | **३७६००००** | |
| **४ नं. वडा कार्यालय प्रशासनिक तथा योजना कार्यक्रम जम्मा** | | **४३६७९५५** | |
| | | | |
| **५ नं. वडा कार्यालय, उरामपोखरा** | | | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक** | | | |
| १ | पानी तथा विजुली | ३०००० | |
| २ | संचार महशुल | ३०००० | |
| ३ | इन्धन (कार्यालय प्रयोजन) | २२००० | |
| ४ | सवारी साधन मर्मत खर्च | १०००० | |

| | | | |
|---|---|---|---|
| ५ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | १५००० | |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | १३२००० | |
| ७ | विविध खर्च | ६०००० | |
| ८ | भ्रमण खर्च | ८४००० | |
| ९ | अतिथी सत्कार खर्च | १००००० | |
| १० | सवारी साधन तथा मेशिनरी औजार भाडा | १५००० | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक जम्मा** | | **४९८०००** | |
| **योजना तथा कार्यक्रम** | | | |
| १ | धार्मिक स्थलमा पुजा सामाग्री वितरण | ५५००० | |
| २ | तिज विशेष कार्यक्रम खर्च | ७०००० | |
| ३ | आमा समूह कार्यक्रम सञ्चालन तथा अन्य खर्च | ४९९५५ | |
| ४ | क्लव कार्यक्रम सञ्चालन तथा अन्य खर्च | ५०००० | |
| ५ | खेलकुद सामाग्री वितरण | २०००० | |
| ६ | आयुर्वेदिक औषधी खरिद | ५०००० | |
| ७ | चन्द्र मा वि खोरपोखरा फर्निचर खरिद तथा मर्मत | १३५००० | |
| ८ | टारी पदमार्गमा रेलिङ निर्माण | १००००० | |
| ९ | विविध भेपरी आउने कार्यक्रम खर्च | २५०००० | |
| १० | टारी सालघारी उरामपोखरा मोटरबाटो सरसफाई | २५०००० | |
| ११ | हाडीखर्क चिउरीखाल्टा लुङरिङ मोटरबाटो सरसफाई | २५०००० | |
| १२ | तारुवास पदमार्ग निर्माण | १००००० | |
| १३ | तारुवास सामुदायिक भवन व्यवस्थापन | ५०००० | |
| १४ | छचन्ने पधेँरा मर्मत | ५०००० | |
| १५ | आपे पधेँरा मर्मत | ५०००० | |
| १६ | गोराङ लुङरिङ मोटरबाटो निर्माण | ८०००० | |
| १७ | बच्छाली गैन्हा पदमार्ग निर्माण | ६५००० | |
| १८ | वेतनी गैन्हा घैडाँडा सिँचाई कुलो निर्माण | ८०००० | |
| १९ | खत्रेटी पधेँरो मर्मत | ८०००० | |
| २० | सालघारी मोटरबाटो ढलान | १८०००० | |
| २१ | हिमपाइप खरिद | ५०००० | |
| २२ | पधेँरा पदमार्ग निर्माण | ८०००० | |
| २३ | रोजगार आयोजना सञ्चालनका लागि साझेदारी, विहादी ५ | ६९०००० | |
| २४ | लुङरिङ मोटरबाटो ढलान | १५०००० | |
| २५ | खत्रेटी उकालो मोटरबाटो ढलान | २००००० | |
| २६ | सिरान मोटरबाटो ढलान | २००००० | |
| २७ | भडादी खोला सिँचाई टंकी निर्माण | ८०००० | |
| २८ | आचार्य सिँचाई टंकी निर्माण | १००००० | |
| २९ | खाल्टा सिंजाली पदमार्ग | ७०००० | |
| ३० | सोत कुलो बाँध निर्माण | ५०००० | |
| ३१ | सापकोटा वगाले पदमार्ग निर्माण | ९५००० | |
| ३२ | जनता सँग वडाध्यक्ष | ४०००० | |
| ३३ | बसेलडाँडा पदमार्ग निर्माण | ५०००० | |
| **योजना तथा कार्यक्रम जम्मा रु** | | **३८६९९५५** | |
| **५ नं. वडा कार्यालय प्रशासनिक तथा योजना कार्यक्रम जम्मा** | | **४३६७९५५** | |
| | | | |
| **६ नं. वडा कार्यालय, शालिग्राम** | | | |

| कार्यालय सञ्चालन तथा प्रशासनिक | | | |
|---|---|---|---|
| १ | पानी तथा विजुली | ३०००० | |
| २ | संचार महशुल | १५००० | |
| ३ | इन्धन कार्यालय प्रयोजन | ४२००० | |
| ४ | सवारी साधन मर्मत खर्च | १६००० | |
| ५ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | १८००० | |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० | |
| ७ | विविध खर्च | ५०००० | |
| ८ | भ्रमण खर्च | ७०००० | |
| ९ | वडा कार्यालय संचालन तथा व्यवस्थापन | ५०००० | |
| १० | अतिथी सत्कार खर्च | १००००० | |
| ११ | सवारी साधन तथा मेशिनरी औजार भाडा | २४००० | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक जम्मा** | | **५६५०००** | |
| **योजना तथा कार्यक्रम** | | | |
| १ | बस्ती संरक्षण (रिपवारी, जैसीबारी, कात्तिके) | ६००००० | |
| २ | सडक सरसफाई | ५३०००० | |
| ३ | भैपरी आउने योजना | ११२९५५ | |
| ४ | सेतिवेणी स्वागत गेट निर्माण | ५००००० | |
| ५ | शालिग्राम स्वास्थ्य चौकी व्यवस्थापन | ५०००० | |
| ६ | शालिग्राम आयुर्वेद व्यवस्थापन | ५०००० | |
| ७ | शालिग्राम मा.वि. दिवा खाजा तथा व्यवस्थापन | १००००० | |
| ८ | शिला आ.वि. कोठा व्यवस्थापन | ५०००० | |
| ९ | जनचेतना प्रा.वि. परिसरमा तारबार तथा व्यवस्थापन | ४०००० | |
| १० | सेतीवेणी प्रहरी चौकी व्यवस्थापन | ३०००० | |
| ११ | झरना आमा समुहको शौचालय निर्माण | १००००० | |
| १२ | लहरे तरकारीबालीको मिनिकिट बिउ वितरण | १००००० | |
| १३ | सेरा कृषि तथा पशुपंक्षी फर्मको माछा पोखरी विस्तार | १००००० | |
| १४ | वडा कार्यालय पहिचान सहितको भित्तेपात्रो छपाई तथा वितरण | ३०००० | |
| १५ | मसारे सिढी बाटो तथा वाल निर्माण | १५०००० | |
| १६ | बिसुनडाडा, तोरिया, जामुने, काल्ले तथा चोचे सिचाँई कुलो निर्माण | ४५०००० | |
| १७ | हाईटेक टनेल भएका कृषकहरुलाई तालिम तथा विउ र कृषि सामाग्री वितरण | १००००० | |
| १८ | ढावगैरा सिचाँई कुलो निर्माण | १००००० | |
| १९ | गोलाङ बाटो निर्माण | ५०००० | |
| २० | बाझो जग्गामा कागती लगाउने कृषकहरुलाई विरुवा वितरण | १००००० | |
| २१ | पाण्डेडाडा सिचाँई कुलोलाई पाईप खरिद तथा बाटो निर्माण | १००००० | |
| २२ | झेउरी पोखरीबाट नहेरेस्वामी सम्म सिडिबाटो निर्माण | १००००० | |
| २३ | श्री शालिग्राम सामुदायिक होमस्टे भवन संरक्षण | ६०००० | |
| २४ | आई पि एम कार्यक्रम | २००००० | |
| **योजना तथा कार्यक्रम जम्मा रु** | | **३८०२९५५** | |
| **६ नं. वडा कार्यालय प्रशासनिक तथा योजना कार्यक्रम जम्मा** | | **४३६७९५५** | |
| **सम्पूर्ण वडा कार्यालयको जम्मा बजेट रु** | | **२६२०७७३०** | |